# नासौँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ
४ नं. प्रदेश, नेपाल

पत्र सख्या : ०७४।७५
चलानी नं. : ३२९

मितिः- २०७५।०१।३१

विषय :- सरकारी कारोबार गर्ने बैंक सम्बन्धमा ।

श्री नेपाल राष्ट्र बैंक,
बैंकिङ्ग कार्यालय, सरकारी लेखा फाँट
थापाथली, काठमाडौं ।

सर्वप्रथम त यस नासौं गाउँपालिकाले हालका मितिसम्म जिल्ला सदरमुकामस्थित नेपाल बैंक लिमिटेड चामे शाखाबाट “ग” समुहका खाताहरुमार्फत गरिने सरकारी कारोबार गरिराखेको व्यहोरा अवगत गराउन चाहन्छु । यस गाउँपालिकाबाट जिल्ला सदरमुकाम जान पैदल ४ देखि ५ घण्टा लाग्ने र सवारी साधनको सहज पहुँच नहुँदा गाउँपालिकाले बैंकिङ्ग सेवा लिनका लागि अत्यन्तै कठीनाई भोग्नुपरेको अवस्था छ । जनताको सबैभन्दा नजिक रहेका स्थानीय तहहरुबाटै जनतालाई प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्नु नै संघीयताको मुल मर्म भएकाले अधिकारसम्पन्न स्थानीय तहको वित्तीय संस्थाहरुसम्मको सहज पहुँच पनि उत्तिकै आवश्यक छ ।

यसै सन्दर्भमा नासौं गाउँपालिका, धारापानी मनाङको केन्द्र नजिकै कुनै पनि “क” वर्गको वाणिज्य बैंकको शाखा कार्यालय नभएको अवस्थामा यही मिति २०७५।०१।३० का दिन “ख” वर्गको कैलाश विकास बैंक लिमिटेडले शाखा उद्घाटन गरी कारोबार सञ्चालन गरेको अवस्थामा यस गाउँपालिकाका “ग” समुहका खाताहरु सो बैंकमा खोल्न सकिने हो / होईन ? भन्ने विषयमा अन्योलता उत्पन्न भएको हुँदा तहाँ राष्ट्र बैंकलाई सो कुरामा स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु । उक्त बैंकमा सरकारी खाता खोली कारोबार सुचारु भएको अवस्थामा यस गाउँपालिकाले प्रवाह गर्ने सेवा प्रवाह छिटो, छरितो, प्रभावकारी एवम् लागत प्रभावकारी हुने भएकाले यस गाउँपालिकाका “ग” समुहका खाताहरु कैलाश विकास बैंक लिमिटेड, धारापानी शाखामा खोल्ने अनुमति प्रदान गरिदिनुहुन समेत हार्दिक अनुरोध छ ।

**बोधार्थ :-**
श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, आ.प्र.शाखा, काठमाडौं
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, चामे, मनाङ ।

२०७५।०१।३१
..................
सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत